# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७६/०७७
च. न. २३४२

मिति : २०७७/२/५

विषय : **निर्णय कार्यान्वयन सम्बन्धमा ।**

**श्री वडा कार्यालयहरु (७ वटै),**
**कमल गाउँपालिका ।**

प्रस्तुत विषयमा यस गाउँ कार्यपालिकाको मिति २०७७/२/५ गते बसेको बैठकले लकडाउन कार्यान्वयन गर्ने सम्बन्धमा गरेको देहायका निर्णयहरु ताहाँ पठाइएको छ । स्थानीय टोल विकास संस्था, बजार व्यवस्थापन समिति, स्थानीय प्रहरी चौकी समेतलाई जानकारी गराई लकडाउन पूर्णरुपमा पालना गर्न आवश्यक व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

**निर्णयहरु:**

१. खाद्यान्न पसलहरु जोर गतेका दिन मात्र संचालन गर्ने (समय बिहान ८ बजे देखि १२ बजे सम्म) ।

२. गैर खाद्य (हार्डवेयर, मोटरपार्टस, ग्यारेज, र ईटा बिक्री केन्द्र मात्र) बिजोर गतेका दिन संचालन गर्ने (समय बिहान ८ बजे देखि १२ बजे सम्म) ।

३. कृषिजन्य (दुध, डेरी, कुखुरा, अण्डा, नर्सरी, बिउविजन, तरकारी, फलफूल) र औषधीजन्य (भेटनरी तथा मेडिकल) नियमित संचालन गर्ने ।

४. नदीजन्य पदार्थ ओसारपसार बिहान ६ बजे देखि बेलुकी ६ बजे सम्म ढुवानी गर्नपाइने । त्यसका लागि आयोजना संचालन भएको सुनिश्चता भएको हुनुपर्ने साथै सम्बन्धीत वडाको सिफारिसमा पालिकाबाट आयोजना स्थल र लोड गरिने स्थल उल्लेख गरि पास जारी हुने ।

५. बैंकहरु जोर गतेका दिन, सहकारी र वित्तीय संस्था बिजोर गतेका दिन मात्र संचालन गर्ने । सहकारी र वित्तीय संस्थाका कर्मचारीहरुलाई मात्र आवतजावतका लागि गाउँपालिकाबाट पास जारी हुने ।

६. खाद्यान्न उद्योग तथा कलकारखानाको कच्चा पदार्थ र उत्पादीत वस्तुको ढुवानीमा पास जारी गरिरहनु नपर्ने निर्वाध रुपमा संचालन हुने ।

२/५

सुतार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत




Email: info@kamalmun.gov.np Website: kamalmun.gov.np फोन नं. ०२३-५५०१९, ०२३-५५०८१